## मिति २०८० साल असार ९ गतेको गाउँ कार्यपालिकाको निर्णय

**प्रस्तावित विषयहरुः**

१. बार्षिक बजेट नीति तथा कार्यक्रम सम्बन्धमा ।

२. विधेयक सम्बन्धमा ।

३. संगठन व्यवस्थापन सर्वेक्षण सम्बन्धमा ।

४. विविध सम्बन्धमा ।

**निर्णयहरुः**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएका देहायका प्रस्तावहरुलाई अनुमोदन गरी आगामि गाउँ सभामा स्वीकृतिको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो । दस्तावेजहरु यसै साथ संलग्न छन् ।

क) आर्थिक बर्ष ०८०/८१ को नीति तथा कार्यक्रम

ख) आर्थिक बर्ष ०८०/८१ को बार्षिक बजेट तथा कार्यक्रम

**२. निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा विधेयक समितिबाट पेश भएका देहायका प्रस्तावहरुलाई अनुमोदन गरी आगामि गाउँ सभामा स्वीकृतिको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो । विधेयकहरु यसै साथ संलग्न छन् ।

क) स्थानीय शिक्षा ऐन, २०७५ को पहिलो संशोधन विधेयक, २०८०

ख) आर्थिक बिधेयक, २०८०

ग) विनियोजन बिधेयक, २०८०

**३. निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालयबाट पेश भएको संगठन व्यवास्थापन सर्वेक्षण प्रतिवेदन, २०८० को प्रस्तावलाई अनुमोदन गरी आगामि गाउँ सभामा स्वीकृतिको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो । प्रतिवेदन यसै साथ संलग्न छ ।

**४. निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा गाउँ कार्यपालिको बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो ।